नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
(नेपाल सरकारद्वारा नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत स्थापित)
मत्स्य अनुसन्धान केन्द्र

पत्र संख्या: २०८३/०८४
चलानी नं.: ३८

वेगनास, पोखरा, कास्की

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
मत्स्य अनुसन्धान केन्द्र
बेगनास, पोखरा, कास्की

दरभाउपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित मिति : २०८३/०६/२०

चालु आ. व. २०८३/०८४ मा यस केन्द्रको लागि माछाको दाना बनाउन आवश्यक गुणस्तरीय कच्चापदार्थ शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले इच्छुक नेपाल सरकारद्वारा इजाजत प्राप्त फर्म, कम्पनि वाआपूर्तिकर्ताबाट रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. दरभाउपत्र फारम रू. १,०००/- (एकहजार, पछि फिर्ता नहुने) तिरी आयकर दर्ता प्रमाणपत्र, मू. अ. कर दर्ता प्रमाणपत्र, नविकृत संस्था दर्ता प्रमाणपत्र तथा आ. व. २०८२/०८३ वा २०८१/०८२ को करचुक्ता प्रमाणपत्रका प्रतिलिपि संलग्न लिखित निवेदन दिई यस केन्द्रबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका दरभाउपत्रहरू पहिलो दिनदेखि ७ औं दिनसम्म कार्यालय समयभित्र र ८ औं दिनको १२:०० बजेभित्र (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा) यस केन्द्रमा दर्ता गराईसक्नु पर्नेछ ।

३. दरभाउपत्रदाताले जमानत वापत रू. ४८,०००/- (अठचालिस हजार मात्र) पोखरा, कास्की स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको को. ले. नि. का. कास्कीको एकलखाता कोष धरौटी खाता नं. ३०२०१००१०२०३०००० (रकम जम्मा गर्न पठाउने कार्यालयको कोड नं. ३१२४१३९०३) मा नगद जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तिमा ९० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस केन्द्रको नाममा जारी गरिएको सोहि रकम बराबरको बैंक जमानत पेश गर्नुपर्नेछ ।

४. रीतपूर्वक र म्यादभित्र दर्ता हुन आएका दरभाउपत्रहरू ८ औं दिनको २:०० बजे (उक्तदिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा) दरभाउपत्रदाता तथा कार्यालय प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रको फेवा उपकेन्द्रमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

५. दरभाउपत्र फारमको निर्दिष्ट महलमा आफूले आपूर्ति गर्ने कच्चापदार्थको दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ, अंक र अक्षर फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ ।

६. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरूको हकमा नेपाल कृषि अनुसन्धान परिषद्को ऐन/नियम, सार्वजनिक खरिद ऐन/नियमावली तथा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यसै कार्यालयमा निहित रहनेछ ।

८. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा कार्यालयमा वा ९८५६०६१०८९ मा सम्पर्क राख्न सकिनेछ ।

९. माछाको दाना बनाउने कच्चापदार्थहरू गुणस्तरीय हुनुपर्नेछ र कुनै प्रकारको बिषादी नहालेको हुनुपर्नेछ तथा कार्यालयको माग अनुसारको (पटक पटक गरी) परिमाणमा उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गर्नुपर्ने दानाको कच्चापदार्थ देहाय बमोजिम रहेका छन्।

(क) गहुँ (ख) मकै (ग) तोरीको पिना (घ) धानको ढुटो (ब्रान) (ङ) भटमासको पिना (च) हड्डीको धूलो
(बोनमिल) (छ) सुकेको झिंगे माछा

पत्रचार: पोष्ट बक्स नं २७४, पोखरा, कास्की, नेपाल ।
फोन नं.: +९७७-६१-५६००८५, ४६२००४
E-mail: frcpokhara@gmail.com Website: http://www.frs.gov.np